आज मिति २०८०/११/ ११ गते शुक्रबारका दिन थलारा गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर रोकाया ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि तपिसलको उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २. | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३. | रबिन्द्र जोशी | सदस्य | |
| ४. | रबिन्द्र खाती | सदस्य | |
| ५. | प्रकाश भण्डारी | सदस्य | |
| ६. | रामचन्द्र जोशी | सदस्य | |
| ७. | नर बहादुर खाती | सदस्य | |
| ८. | अनिल कुमार बिष्ट | सदस्य | |
| ९. | किस्ने सार्की | सदस्य | |
| १०. | टिकाराज जोशी | सदस्य | |
| ११. | लोकेन्द्र बहादुर विष्ट | सदस्य | |
| १२. | रम्भा देवी कामी | सदस्य | |
| १३. | हेमन्ती देवी सिंह | सदस्य | |
| १४. | सुनिता देवी गिरी | सदस्य | |
| १५. | कमला कुमारी उपाध्याय जोशी | सदस्य | |
| १६. | विर्ख बहादुर मिजार कामी | सदस्य | |
| १७. | ज्ञानु दमाई | सदस्य | |
| १८. | सिद्धराज पण्डित | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| | | | |
| | | | |

CS CamScanner

## मिति २०८०।११।११ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१ पकेट क्षेत्र विकास कार्यक्रमको लागि स्थान छनौट गर्ने सम्बन्धमा।**

भेटेरनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रबाट थलारा गाउँपालिकामा कार्यान्वयन हुने गरी स्वीकृत रु २० लाख बराबरको बृहत बाख्रा पकेट क्षेत्र विकासको लागि पालिकालाई मापदण्डको अधिनमा रही स्थान तोकि पठाईदिन पत्राचार भईआएकोले उक्त कार्यक्रम तपसिल बमोजिमका वडाहरुमा कार्यान्वयन हुने गरी स्थान छनौट गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

१.वडा नं.४ ७

**निर्णय नं.२. कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा**

थलारा गाउँपालिकालाई आ ब २०८०।८१ तर्फ संघीय विशेष अनुदान तर्फ विनियोजित रु ६५ लाखलाई निर्माण पश्चात रतन अनन्त सरहकारी संस्थाको स्वामित्वमा रहने गरी तपसिल अनुसारका उत्पादनसंग सम्बन्धित क्रियाकलाप गर्ने गरी कार्यक्रम स्वीकृत गरी तत्काल २०८०।११।१५ गते भित्र प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**तपसिल**

**कार्यक्रम**

१.अल्लो उद्योग विस्तारको लागि आवश्यक उपकरण खरिद तथा विस्तार

२.साबुन उद्योग

३. सामुहिक भैसिपालन/बाख्रा पालन

**निर्णय नं.३ नारी दिवस सम्बन्धमा।**

आउदै गरेको नारी दिवसलाई अवसर पारी पालिकास्तरीय कार्यक्रम भव्यताका साथ संचालन गर्ने उक्त कार्यक्रमको व्यवस्थापनको पालिकाको महिला तथा बालबालिका शिर्षकबाट भुक्तानी हुनेगरी रकम रु १ लाख ५० हजार छुट्याउने निर्णय गरियो।

**निर्णय नं.४ सम्झौताको अन्त्य सम्बन्धमा।**

थलारा गाउँपालिकाबाट विभिन्न आर्थिक वर्षहरुमा ठेक्का प्रक्रिया गरी हालसम्म निर्माणको कार्य सम्पन्न हुन नसकेका र खरिद सम्झौता पनि अन्त्य नभएका योजनाहरुको निर्माण व्यवसायिको गाउँपालिकामा रहेको धरौटी बापतको रकम जफत गरी खरिद सम्झौता अन्त्य गर्ने

**निर्णय नं.५ योजनाको अपुग रकम भुक्तानी सम्बन्धमा।**

थलारा गाउँपालिकाबाट आ.व. २०८०।०८१ मा वडा नं १ अन्तर्गत मोरायल सडक देखि मोरायल बजारसम्म सडक निर्माण गर्न मोरायल शाखा सडक शिर्षकमा रु १,८०,०००।-(एक लाख असी हजार)मात्र विनियोजित भई सोही बमोजिम सडक निर्माण कार्य अगाडी बढाउँदा विनियोजित बजेटबाट मोरायल बजार पुग्न केही मिटर मात्र बाँकी रहेको ,थौरै रकम मात्र अपुग भएको कारण आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरी कार्यान्वयन गर्न समेत सान्दर्भिक नहुँने हुँदा मोरायल बजार सम्मको शाखा सडक निर्माण कार्यको लागि अपुग हुने रकम रु ४०,०००।-(चालिस हजार) गाउँपालिकाको कन्टीजेन्सी रकमबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.५ आर्थिक सहायता सम्बन्धमा।**

विभिन्न समयमा वर्षात तथा अन्य प्राकृतिक प्रकोपबाट प्रभावित, विभिन्न गम्भिर रोगहरु लागि उपचारमा आर्थिक समस्या व्यहोरिरहेका तथा अन्य उपर्युक्त व्यक्तिलाई आर्थिक सहायता शिर्षकमा विनियोजित रकम खर्च भईसकेकोले तपसिलमा उल्लेखित व्यक्तिहरुलाई थलारा गाउँपालिकाको आर्थिक सहायता वितरण मापदण्ड २०८० को प्रावधान बमोजिम राहत स्वरुप विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी हुने गरी निम्नानुसारको रकम सहयोग गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | ठेगाना | सहायता दिनुपर्ने कारणहरु | सहायता रकम |
|---|---|---|---|---|
| १ | मनरा देवी पाध्या | थलारा ३ | जण्डिस रोगबाट ग्रसित(अति कमजोर आर्थिक अवस्था) | २२०००।- |

प्रकृत